# सामुदायिक विकास केन्द्र, डोटी

## वार्षिक प्रगति प्रतिवेदन











# आ.व. २०७९/०८०


094-411081/091-590035 cdcdoti@gmail.com Silgadhim Doti/Dhangadhi-5, www.cdcdot.org

# संस्थाका अध्यक्षबाट आभार व्यक्त

# विषय सुचि


| क.स | विषय | पाना नम्बर |
|---|---|---|
| १ | संस्थाको भौगोलिक पहुच | १ |
| २ | २०७९/०८० मा संचालित कार्यक्रम बाट लाभान्भित वर्गहरु | २ |
| ३ | लाभान्भित वर्गहरुको केहि अनुभवहरु | ३–४ |
| ४ | आर्थिक वर्ष २०७९/०८० मा संस्थाबाट संचालित कार्यक्रमका मुख्य उपलब्धिहरु | ४–५ |
| ५ | संस्थाको सामान्य परिचय | ६–८ |
| ६ | आर्थिक वर्ष २०७९–०८० मा संचालित कार्यक्रमहरु | ९ |
| ७ | आ.व २०७९/०८० मा संचालित कार्यक्रमहरुको कार्यक्रमगत प्रगति विवरण | १०–२० |
| ८ | स्थानिय सरकार संगको साझेदारिमा गरिएको राम्रा अभ्यासहरु | २१ |
| ९ | सफलताको कथा | २१–२४ |
| १० | कार्यक्रमगत लाभान्भित वर्गको विवरण | २५ |
| ११ | आर्थिक विवरण | २६ |
| १२ | हाम्रा दातृ निकायहरु | २७ |

# संस्थाको भौगोलिक पहुँच (GEOGRAPHICAL ACCESS OF CDC) :



## २०७९/०८० मा संचालित कार्यक्रम बाट लाभान्वित वर्गहरु (KEY NUMBER OF BENEFICIARIES

जम्मा लाभान्भित संख्या: ६६५८५

जम्मा लाभान्भित बालबालिकाहरु ४९६८३

जम्मा लाभान्भित महिला: ३८९४८

जम्मा लाभान्भित अपांगत भएका व्यक्ति: १४०

जम्मा लाभान्भित पुरुष: २७६३७

जम्मा लाभान्भित विद्यालय: ४८५

जम्मा लाभान्भित शिक्षक: ४६५

जम्मा कृषक समुह: २२५

## लाभान्भित वर्गहरुको केहि अनुभवहरु (VOICE OF BENEFICIARIES) :



***मेरो नाम अमृता श्रीमाल हो*** र म पूर्विचौवि गाउँपालिका १, फुलौटमा बस्छु । म कक्षा ७ मा अध्ययन गर्दछु मेरो विद्यालयको नाम श्री साजेन्द्रस्वर माध्यमिक विद्यालयको हो । मेरो आखाँको दृष्टिमा समस्या भएका कारण मैले कक्षाकोठा अक्षरहरु नदेख्ने, केहि विषयहरु कक्षाका लेख्न पर्दा टाढाँबाट लेख्न नसक्ने र साथै घरमा पनि साँझको समयमा लेख्ने पढन समस्या भोगिरेहकि थिए । पछि यस विद्यालयमा सामुदायिक विकास केन्द्र बाट संचालित समावेशि तथा गुणस्तरिय शिक्षाबाट कार्यक्रमबाट मेरो आखा सम्बन्धि समस्याको उपचारका लागि सिलगढिको आखा अस्पतालमा चेकजाच गरि आँखामा चस्मा लगाउने चिकित्सकको सल्लाह अनुशार चस्मा सहयोग पश्चात अहिले मेरो कक्षा कोठामा र घरमा अध्ययन कालागि सहजता भएको छ। यो सहयोगका लागि म मेरो विद्यालय र सहयोग संस्थालाई धन्यवाद दिन चाहन्छु ।

***गोपी साँउद (६९) दिपायल*** सिलगढी नगरपालिका वडा ८ लडागडामा बस्नु हुन्छ वहाँ विगत ३ वर्ष देखि सुगरको विरामी हुनु हुन्थो । सामान्य सुगरको अवस्था थाहा पाउन पनि सिलगढी आउनु पर्ने बाध्यता थियो, जब सामुदायिक विकास केन्द्र डोटी ले लडागडामा रहेको स्वस्थ्य चौकिमा प्रयोगशाला स्थापना गर्‍यो अहिले वहाँको सिलगढी आउने बाध्यता हटेको छ । सिलगढी आउने जाँने समय र पैसा बचत भएको छ गोपी साँउद बताउनु हुन्छ। अहिले स्वस्थ्य चौकिमा बढी मात्रा रगत , खकार, मलेलिया,विरामी आउने गरेका लडागडा स्वस्थ्य चौकिका इन्चार्ज नरेश बोहराले जानकारी दिनु भयो ।





***मेरो नाम राधिका दाश हो,*** मेरो घर सायल गाउपाकि वडा नम्बर २ मा पर्छ। म मेरा तिन जना छोराहरुहरु संग बस्ने गरेकि छु भने छोराहरु आम्दानिका लागि भारतमा काम गर्छन् । मिति २०७९ कार्तिक २२ मा डोटी जिल्लामा गएको बिनाशकारि भुकम्पले मेरो घर पनि पूर्ण रुपमा प्रभावपारि बस्न योग्य नभएको अवस्थामा म घर बाहिर त्रिपाल मुन बसिरहेकि थिए। पछि

संस्थाले विभिन्न सामाग्रिहरु जस्तै त्रिपाल, कम्मल, कारपेट, सरसरफाई सामाग्रिहरु सहयोग गरि चिसो मौसममा घर बाहिरको बसाईलाई सुरक्षित बनाई लिएको मा धन्यवाद दिन चाहन्छु ।



***मेरो नाम टेक बहादुर विष्ट हो*** र म श्री तेडि माध्यमिक विद्यालयमा (दिपायल सिलगढि नगरपालिका, ९, कलेना) प्रध्यापकको रुपमा कार्यरत्त छु । हाम्रो विद्यालयमा सामुदायिक विकास केन्द्र र वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको साझेदारिमा गुणस्तरिय शिक्षा परियोजना संचालन भई रहेको छ । उक्त कार्यक्रमले शिक्षकहरुलाई शैक्षिक सामाग्रि निमार्ण तालिम, विद्यालय सुरक्षा योजना सम्बन्धि क्षमता विकास सम्बन्धि कार्यक्रमहरु संचालन गरि रहेको छ भने विद्यालयलाई बालमैत्रि र अपांग मैत्रि बनाउनका लागि विद्यालय भवन र कक्षाकोठा व्यवस्थापन जस्ता कार्यमा पनि सहयोग गरिरहेको छ । संस्थाले विधार्थिहरुको पढाईमा सुधार गर्नका लागि पठाई शिविरहरु संचालन गरिरहेका छ, विपन्न बालबालिकाहरुलाई शैक्षिक सामाग्रिहरु सहयोग गरिरहेका छ र कक्षा कोठा मा बालबालिका अध्ययनका लागि विभिन्न कथाका किताबहरु सहयोग गरिरहेको छ । माथि उल्लेखित संस्थाको सहयोग र क्रियाकलापले गर्दा बालबालिकाहरुको पठाईमा सुधार भएको र विद्यालय उपस्थितिमा सुधार भएको छ साथै शिक्षकहरुको पनि अध्यापन गराउने सिपमा विकास भएको छ ।

## आर्थिक वर्ष २०७९/०८० मा संस्थाबाट संचालित कार्यक्रमका मुख्य उपलब्धिहरु (MAJOR ACHIVEMENT OF FY 2079-2080) :

७४ जना शिक्षकहरु एकिकृत पाठ्यक्रम र विद्यालय सुरक्षा सम्बन्धि तालिममा सहभागि, २६ जना वालविकास शिक्षक लाई शिक्षण सामग्री निमार्ण तथा प्रयोग सम्बन्धि तालिम तथा १६ जना शिक्षक लाई कक्षा कोठा व्यवस्थापन तालिम ।

११२५ बालबालिकाहरुलाई बृहत्तर क्षमता विकास कक्षाहरु संचालन

९८ वटा पढाई शिविरहरु संचालन भएका र २३३५ जना बालबालिकाहरु पढाई शिविरमा आवद्ध भएका छन् र २ वटा वाल विकास कक्षा कोठा व्यवस्थापन

३० वटा विद्यालयमा ६५ किसिमका कथाका किताबहरु वितरण जम्मा १९५० कथाका किताबहरु



३ वटा २ कोठे सुरक्षित तथा भुकम्प प्रतिरोधात्मक विद्यालय भवन निमार्ण तथा १ विद्यालय भवन मर्मत



३ वटा अपांग मैत्रि , बालमैत्रि तथा किशोरिमैत्रि शौचालय निमार्ण तथा १ वटा विद्यालयमा खानेपानी धारा निमार्ण



१६३ जना अति विपन्न बालबालिकाहरुलाई अध्यया सामाग्रिहरु सहयोग  तथा १७९४ जना प्रायोजित बालबालिकाहरुलाई शैक्षिक सामग्री तथा विद्यालय पोशाक वितरण र १४३ जना बालबालिकाहरु लाई उच्च शिक्षा सहयोग



२२५ वटा कृषक समुह गठन  र विभिन्न तरकारि उत्पादन सम्बन्धि क्षमता विकास



१७१९ जना बालबालिकाहरु सामान्य स्वास्थ्य जाँच

## संस्थाको सामान्य परिचय (GENERAL INTRODUCTION OF CDC) :

सामुदायिक विकास केन्द्र डोटी, (Community Development Center – CDC) डोटी जिल्लाको स्थानिय संस्था हो । वि.सं.२०४९ साल पौष १६ (December 31, 1992) गते जिल्ला प्रशासन कार्यालय डोटी दर्ता नं. १२ सहित विधिवत दर्ता गरिएको संस्था हो । यो संस्था संस्था दर्ता ऐन २०३४ (१९७८) मुताविक वि.सं. २०५२ असोज २३ गते समाज कल्याण परिषदमा दर्ता नं.३२८८ सहित दर्ता भएको एक गैर-सरकारी तथा गैर-लाभकारी संस्था हो ।

सामुदायिक विकास केन्द्र गरिब र बिपन्न बर्गहरुको सामाजिक-आर्थिक स्थिति लाई उकास्न र सहभागितात्मक प्रक्रियाका माध्यम बाट बिभिन्न रोजगारिका वातावरण सृजना गर्न सदैब कटिबद्ध छ । यस संस्था ले एक पारदर्शि र सहभागितात्मक पद्धती अपनाई डोटी जिल्लाका दुर दराजका बस्तीहरु तथा समुदायहरु संग मिलेरकाम गर्दै एक उत्कृष्ट प्रतिष्ठा कमाएको छ । यस संस्थाले स्थापना काल देखि नै नेपालका सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका हिमाली र पहाडी जिल्लाका गाउंहरुमा बालबालिकाहरुको विकास संरक्षण, महिला सशक्तिकरण, आर्थिक विकासका क्षेत्रमा सहकार्य गर्दै आएको छ । सामुदायिक सहभागिता, सरोकारवालाहरुसंगको समन्वय र सहकार्य सामुदायिक विकास केन्द्र डोटीका कार्यक्रम र संस्थागत विकासका आधार हुन् भने यसले संस्थागत विकास, कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय साधन र स्रोतको परिचालनमा विषेश जोड दिन्छ । सामुदायिक विकास केन्द्र डोटी समुदायमा आधारित समुहबाट विकास हुदै आएको र सरोकारवालाहरुको सुझाबका आधारमा सिक्दै र आफ्नो विकास गर्दै आएको संस्था हो । हाल सामुदायिक विकास केन्द्र डोटीको केन्द्रिय कार्यालय शिखर नगरपालिका .वडा नं.९ उच्चाकोटमा रहनुका साथै जिल्ला सम्पर्क कार्यालय दिपायल सिलगढी नगरपालिका वडा नं.६ मा रहेका छ भने प्रदेश कार्यालय धनगढी उपमहानगरपालिका वडा ५ हसनपुरमा रहेको छ ।

सामुदायिक बिकास केन्द्र आफ्नो स्थापना काल देखिनै ग्रामीण भेगका गरिव, सिमान्तकृत तथा विकासको मुल प्रबाह वाट बन्चित समुदायमा शिक्षा, स्वास्थ्य तथा विकासका अन्य पूर्वाधार निर्माणमा सधैब कटिवद्ध छ । यस संस्थाले विभिन्न दातृ निकाय तथा अन्य स्थानिय समुह तथा संघ सस्थाहरु संग मिली निरन्तर रुपमा विकास तथा भलाईका कामहरु गर्दै आईरहेको छ । गरिव तथा सिमान्तकृत वर्गका महिला तथा वालवलिकाहरुको सार्वाङ्गिण विकासलाई आफ्नो लक्ष्य तथा उद्देश्य मानी यिनै समुदायको सार्बोपरि हितलाई सिरोधार्य गरी काम गर्दै आईरहेको छ । यस सस्थाले जिल्ला तथा केन्द्रीय स्तरका संजालहरुमा आवद्ध रही डोटी जिल्ला लगायत सुदुर पश्चिम प्रदेशमा वेग्लै पहिचान वनाउन सफल भएको छ । विभिन्न विषय क्षेत्र संग अनुभव प्राप्त दक्ष कर्मचारीहरु र विभिन्न विषय,क्षेत्रका कार्यक्रम तथा परियोजनाहरु संचालनको अनुभव यस संथाको सबै भन्दा ठुलो उपलव्धी हो । यसले संस्थागत क्षमता विश्लेषण गरी सुशासन प्रर्वधनमा आवश्यक सामाजिक जवाफदेहिताका औजारहरुको सफलता पुर्वक कार्यान्वयन गरी आफुलाई एक कुशल संथाका रुपमा स्थापित गराएको छ ।

## संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरु (VMGO OF CDC) :

**परिकल्पना :** शिक्षित, आत्मनिर्भर, अधिकार सम्पन्न र समावेशी समाजको निर्माण गर्ने

**संस्थाको ध्येय :**महिला, दलित, बालबालिका तथा विपन्न वर्गको शिक्षा, स्वास्थ्य आय आर्जन र अधिकारलाई सुनिश्चित गर्ने

**संस्थाको लक्ष्य :** संस्थागत सुदृढीकरण मार्फत बालबालिकाको शिक्षा तथा अधिकारको क्षेत्रमा सामुदायिक विकास केन्द्रलाई श्रोत केन्द्रको रुपमा स्थापना गर्ने ।

### संस्थाको उद्देश्यहरु :

- ग्रामिण क्षेत्रमा बसोबास गर्ने निम्न आयस्रोत भएका विपन्न वर्गका जनताको जीवनस्तर माथि उठाउनु
- समाजमा पिछडिएका र कमजोर आर्थिक स्थिति भएका वर्गका लागि चेतना अभिवृद्धि गर्ने, सीप विकास गर्ने र विकासका पूर्वाधारहरु तयार गर्ने
- सामाजिक, आर्थिक विकासका साथै कला संस्कृतिको संरक्षण तथा सम्बर्द्धन हुने खालका कार्यक्रम संचालन गर्ने विकास प्रयासमा लक्षित समूहको सक्रिय सहभागिता जुटाई विकासका क्रियाकलापलाई संस्थागत बनाउने
- विकास निर्माण कार्यमा संलग्न विभिन्न सरकारी संस्थालाई विपन्न वर्गका लागि कार्यक्रम संचालन गराउन अभिप्रेरित गर्ने
- आवश्यकता अनुसार सहयोगी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई परामर्श सेवा उपलब्ध गराउन

### संस्थाको मुख्य लक्षित समूहहरु :

- बालबालिकाहरु
- दलित, जनजाति र पिछाडि पारिएका महिलाहरु
- दलित, जनजाति र पिछाडि पारिएका पुरुषहरु
- अपाङ्गता भएका महिला, पुरुष, बालकालिकाहरु
- विपदको जोखिममा रहेका बालबालिका र समुदायहरु

## संस्थाको आवद्ध वा संजालीकरण नाम (NETWORKING OF CDC) :

- राष्ट्रिय शिक्षा अभियान (NEC), संयोजक सुदुर पश्चिम प्रदेश
- बालबालिका शान्ति क्षेत्र तथा बाल संरक्षण राष्ट्रिय अभियान (CZOP) कोषाभ्यक्ष
- बालबालिका शान्ति क्षेत्र तथा बाल संरक्षण राष्ट्रिय अभियान (CZOP) क्षेत्रिय संयाजक (सु.प.)
- सुदुर पश्चिम, प्रदेश शिक्षा क्लष्टर सदस्य
- गै.स.स. महासंघ सदस्य
- डोटी शिक्षा क्लष्टर सह संयोजक
- जिल्ला विपद व्यवस्थापन समिति डोटी
- सह संयोजक –प्रदेश स्तरिय विपद जोखिम ज्यूनिकरण कलष्टर
- जिल्ला स्तरिय मानव अधिकार संजाल सदस्य
- बाल संरक्षण समिति दिपायल सिलगढी नगरस्तरिय
- प्रदेश स्तरिय बाल अधिकार समुह सदस्य

## संस्थाको मुख्य प्राथमिकतामा रहेका कार्य क्षेत्रहरु (PRIORITIES AREA OF CDC) :



समावेशि तथा
गुणस्तरिय शिक्षा



स्वास्थ्य र खाद्य सुरक्षा



कृषि वन तथा
वातावरण



महिला बालबालिका
तथा सामाजिक
समावेशीकरण



सुसासन तथा
संस्थागत क्षमता
विकास



सीप विकास तथा
आय आर्जन

# आर्थिक वर्ष २०७९–०८० मा संचालित कार्यक्रमहरु (PROGRAM INFO OF FY 2079-80)

**समावेशि तथा गुणस्तरिय शिक्षा परियोजना**

**दातृ निकाय** : वर्ल्ड भिजन ईन्टरनेशनल ,नेपाल
**क्षेत्र (जिल्ला, पालिका)** : आर्दश गाउँपालिका, सायल गाउँपालिका, पूर्विचौकि गाउँपालिका र दिपायल सिलगढि नगरपालिका
**लक्षित समुदायः** विद्यालय, बालकालिका, शिक्षक, अभिभावक

**एकिकृत सामुदायिक विकास परियोजना**

**दातृ निकाय** : गुड नेवर्स इन्टरनेशनल, नेपाल
**क्षेत्र (जिल्ला, पालिका)** : पूर्विचौकि गाउँपालिका र दिपायल सिलगढि र शिखर नगरपालिका
**लक्षित समुदायः** बालबालिका, विद्यालय , शिक्षक तथा अभिभावक, स्वास्थ संस्था

**स्थानिय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम**

**दातृ निकाय** : Mercy Corps
**क्षेत्र (जिल्ला, पालिका)** : डोटी जिल्लाका सबै स्थानिय तहहरु
**लक्षित समुदायः** बालबालिका, विद्यालय , सहकारि, कृषक

**आपतकालिन शिक्षा प्रतिकार्य कार्यक्रम खाजा कार्यक्रम**

**दातृ निकाय** : Mercy Corps
**क्षेत्र (जिल्ला, पालिका)** : डोटी, बझाङ्ग, दार्चुला र कञ्चनपुर
**लक्षित समुदायः** बलबालिका, शिक्षक, अभिभावक

**भुकम्प प्रतिकार्य कार्यक्रम**

**दातृ निकाय** : लुथर्र वल्ड फेडरेसन
**क्षेत्र (जिल्ला, पालिका)** : डोटी (आदर्श, सायल, पूर्विचौकि गाउपालिका र शिखर नगरपालिका
**लक्षित समुदायः** महिला,बालबालिका, भुकम्प प्रभावित परिवार

**भुकम्प प्रभावितलाई राहत सामाग्रि वितरण**

**दातृ निकाय** : लुथर्र वल्ड रिलिफ
**क्षेत्र (जिल्ला, पालिका)** : अछाम, बाजुरा, डोटी र बझाङ्ग
**लक्षित समुदायः** भुकम्प प्रभावित परिवार, महिला, बालबालिका

**समुदाय सशक्तिकरण तथा विकासका लागि स्थानीय पहल परियोजना**

**दातृ निकाय** : लुथर्र वल्ड फेडरेसन
**क्षेत्र (जिल्ला, पालिका)** : आर्दश गाउँपालिका, डोटी
**लक्षित समुदायः** हलिया र दलित महिलाहरु, पुरुष

## आ.व २०७९/०८० मा संचालित कार्यक्रमहरुको कार्यक्रमगत प्रगति विवरण (PROGRAM WISE PROGRESS):

### १. समावेशि तथा गुणस्तरिय प्राविधिक शिक्षा कार्यक्रम (IQE):

**परियोजनाको लक्ष्य :** आधारभुत तहका (१–८ कक्षा सम्म) अतिसंकटासन्न बालबालिकाको समाबेशी तथा गुणस्तरिय शिक्षामा समन्यायिक पहुँच भएको हुने छ ।

**परियोजनाको उद्धेश्य:**

- वालवालिकाहरुको समाबेशी तथा गुणस्तरिय शिक्षालाई पहँचयोग्य बनाउन मानविय तथा भौतिक संरचना निर्माण गरी प्रारम्भिक शिक्षालाई मजबुत बनाउने वा साक्षरता अभिबृद्धि गर्ने ।
- बिद्यालयमा सुरक्षित तरिकाले पठनपाठन गराउन सुधार गर्ने ।
- समुदायलाई सक्रिय बनाउन पढाई शिविर एवं अभिभावकीय शिक्षा मार्फत सिकाइ वाताबरण सुधार गर्ने ।
- बिद्यालय तथा समुदायलाई जवाफदेही वनाउन शिक्षाका सेवा सुधारका लागी पहल गर्ने ।

**कार्यक्षेत्र:**

| क.स | स्थानिय तह | वडा नम्बर | विद्यालय संख्या | क्षेत्र |
|---|---|---|---|---|
| १ | दिपायल सिलगढि नगरपालिका | २ र ९ | ४ | पुर्वि क्षेत्र |
| २ | पुर्विचौकि गाउपालिका | १, २, र ३ | ९ | |
| ३ | सायल गाउपालिका | ४, ५, र ६ | ६ | |
| ४ | आदर्श गाउपालिका | १, २, ३, ४, ५ र ७ | १७ | पश्चिम क्षेत्र |

**मुख्य संचालित क्रियाकलापहरु:**

- ५४ जना आधारभुत तहका शिक्षकहरुलाई ५ दिने एकिकृत पाठ्यक्रम सम्बन्धि तालिम
- त्रैमासिक रुपमा तालिम प्राप्त शिक्षकहरु संग बैठक र गा.पा. प्रतिनिधिहरु बाट त्रैमासिक रुपमा शिक्षा क्षेत्रको अनुगमन








- २५ वटा विद्यालयलाई कक्षाकोठा छापामय बनाउनका लागि शैक्षिण सामाग्रिहरु सहयोग
- २६ जना शिक्षकहरुलाई भिन्न क्षमता भएका बालबालिका पहिचानका लागि १ दिने अभिमुखिकरण र पहिचान गर्नमा सहयोग ।
- ३० जना भिन्न क्षमता भएका बालबालिकाहरुको व्यक्तिक शिक्षण योजना निमार्ण
- ७ वटा चरणमा विद्यालय जाने बालबालिकाहरुका अभिभावकहरु संग सचेतना गोष्ठि संचालन
- १२ वटा विद्यालय तथा समुदाय स्तरमा पठाई मेला कार्यक्रम संचालन
- २४ वटा विभिन्न स्थानहरुमा विद्यालय भर्ना अभियान संचालन र १६० जना अति विपन्न बालबालिकाहरुलाई अध्ययन सामाग्रिहरु सहयोग
- ९८ स्थानमा पठाई शिविरहरु संचालन र २४४२ बालबालिकाहरु पठाई शिविरमा आबद्ध भएका
- ४ वटा विद्यालयमा २ कोठे अपांगमैत्रि तथा बालबालिका मैत्रि विद्यालय भवन निमार्ण
- ३ वटा विद्यालयमा २ कोठे अपांगमैत्रि तथा बालबालिका मैत्रि शौचालन निमार्ण
- २१ वटा कक्षा कोठाहरु बालमैत्रि बसाई व्यवस्थापनमा सहयोग
- ३० वटा विद्यालयको विद्यालय सुधार योजना बनाउनमा सहयोग तथा विद्यालय सुरक्षा योजना निमार्णका लागि २६ जना शिक्षक
- ३ वटा बालमैत्रि अपांगमैत्रि शौचालय र ४ वटा बालमैत्रि अपांगमैत्रि विद्यालय भवन निमाण
- ५१ जना बालबालिकाहरुलाई प्राथमिक उपचार सम्बन्धि २ दिने तालिम
- ७८ वटा विभिन्न स्थानहरुमा प्राकृतिक प्रकोप बाट सुरक्षित रहनका लागि बालबालिका समक्ष कृतिम घटना अभ्यास
- ४५ वटा विभिन्न समुदायहरुमा बालबालिकाहरुको बृहत्तर क्षमता विकास कक्षाकहरु संचालन, ११२५ बालबालिकाहरुको सहभागिता रहेको थियो ।
- ३० वटा विद्यालयहरुमा विद्यालय सुधारका लागि योजना निमार्ण र अन्तर्क्रिया कार्यक्रम संचालन
- गाउँपालिकाको स्थानिय पाठ्यक्रम निमार्णमा प्राविधिक सहयोग ।

- गाउँपालिकाको समावेशि शिक्षा सम्बन्धि निति निमार्णका लागि पहल ।





## २. एकिकृत सामुदायिक विकास परियोजना (Integrated Community Development Project-ICDP):

**कार्यक्षेत्र :**

पुर्विचौकि गाँउपालिका , दिपायल सिलगढी तथा शिखर नगरपालिका




**मुख्य संचालित क्रियाकलापहरुः**

- प्रायोजित वालबालिकाहरु शैक्षिक सामग्री सहयोग
- वालविकास कक्षा कोठा व्यवस्थापन तथा खेल सामग्री सहयोग
- विद्यालयमा ICT सामग्री सहयोग
- प्रायोजित वालबालिकाहरु लाई उच्च शिक्षामा सहयोग
- शिक्षकलाई कम्पुटर हाडवयर तालिम
- विद्यालय भवन र्ममत, वालविकासका शिक्षकहरु लाई सामग्री निमार्ण तथा प्रयोग सम्बन्धि तालिम ।
- शिक्षकहरु लाई शौक्षिक सामग्री निमार्ण तालिम, शिक्षक बैठक

- विद्यालयमा गणित प्रयोगशाला स्थापना
- विकास कक्षा कोठा व्यवस्थापन
- बालबालिकाको स्वास्थ्य चेकजाच
- स्वास्थ्य व्यवस्थापन समितिलाई अभिमुखिकरण
- गाउँघर क्लिनिक समिति लाई अभिमुखिकरण कार्यक्रम
- गर्भवती तथा स्तनपान गराईरहेका महिलाहरुलाई अभिमुखिकरण
- धामी झाक्रि संग अन्तरक्रियात्मक कार्यक्रम






- बिद्यालयका शिक्षकहरुलाई किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य तालिम
- बिद्यालयका किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य तथा महिनावारी स्वच्छता सम्बन्धि अभिमुखिकरण
- विद्यालयमा खाने पानी धारा निमार्ण ।
- स्वास्थ्य संस्थालाई प्रयोगशाला तथा अन्य स्वस्थ्य सामग्री सहयोग
- विद्यालयमा गुनासो सुनाई संयन्त्र स्थापना



- जनचेतना मुलक सडक नाटक प्रर्दशन
- बाल क्लब द्धारा विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन
- बाल अधिकार सम्बन्धि सरोकारवाला लाई तालिम
- किशोर किशोरी लाई जिवन उपयोगी सिप सम्बन्धि तालिम
- जनचेतना मुलक रेडियो कार्यक्रम प्रशारण ।
- नगरस्तरिय बाल भेला सम्पन्न ।
- बालक्लबका सदस्यहरु लाई बाल अधिकार तथा संरक्षण सम्बन्धि तालिम संचालन ।
- किशोरी समुहको बैठक

<u>**३. स्थानिय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम** (Home Grown School Feeding Program- HGSFP):</u>

**कार्यक्रमको उद्देश्यः**

- दिवा खाजा कार्यक्रमको प्रभावकारि कार्यान्वयनको लागि स्थानिय सरकारका लाई विभिन्न निति तथा कार्यक्रमहरु बनाउन सहयोग गरि उक्त निति तथा कार्यत्रममा दिवा खाजा कार्यक्रमलाई समावेश गर्न सहयोग गर्ने
- स्थानिय सरकार र विद्यालयको क्षमता विकास गरि विदालय दिवा खाजा कार्यक्रम अन्तर्गत सरकारको बजेट परिचालन गर्न सहयोग गर्ने
- स्थानिय सहकारि र कृषकहरुको क्षमता अभिबृद्धि गरि विद्यालय दिवा खाजा कार्यक्रमलाई आवश्यक पर्ने स्थानिय तरकारि र फलफुल उत्पादन गरि विद्यालयलाई उलपब्ध गराउन सक्षम बनाउने

**कार्यक्षेत्र :** डोटी जिल्लाका सबै स्थानिय तह (दिपायल सिलगढि नगरपालिका, पूर्विचौकि गाउँपालिका,




**मुख्य संचालित क्रियाकलपाहरुः**

- जिल्ला स्तरिय कृषि मेला तथा प्रखर्शनिमा सहयोग
- विद्यालय व्यवस्थापन समिति र सहकारि बिच समन्वयात्म र सहकार्य बैठक संचालन
- कृषक र सहकारि बिच समन्वयनत्म बैठक
- कृषक समुह गठन



- अगुवा कृषक छनौट र सहयोग
- कृषक समुहका सदस्यहरुलाई क्षमता विकास तालिम
- कृषकहरुलाई घरायसि उत्पादनमा आधारित तरकारि, फलफुल, गेडागुडि र खाद्य सुरक्षा सम्बन्धि अभिमुखिकरण
- कृषकहरुलाई तरकारिका बिउ, गेडागुडिका बिउ, सिचाई ड्म तथा अन्य कृषि सामाग्रिहरु सहयोग
- सहकारिका पदाधिकारिहरुको घरायसि उत्पादनमा आधारि विद्यालय दिवा खाजा सम्बन्धि क्षमता विकास तालिम
- अगुवा कृषकहरुलाई नमुना कृषि उत्पादन बारि वा फर्म बनाउनका लागि सहयोग

- नगर/गाउँपालिकाका प्रमुख लगायत अन्य प्रशासकिय र शाखा प्रमुखहरुलाई विद्यालय दिवा खाजा कार्यान्वयन निर्देशिका सम्बन्धि अभिमुखिकरण कार्यक्रम
- पालिका अन्तर्गत शिक्षा शाखा अन्तर्गत विद्यालय खिवा खाजा व्यवस्थापन सह समिति गठन र समितिका पदाधिकारिहरुलाई अभिमुखिकरण
- स्थानिय सरकारलाई विद्यालय दिवा खाजा सम्बन्धि निति तथा रणनिति बनाई कार्यपालिकामा अनुमोदन गर्नमा सहयोग
- विद्यालय खिवा खाजाको मेनुवल निमार्ण गरि जिल्लाका सबै विद्यालयलाई प्रदान गरियो ।





## ४. भुकम्प प्रभावितलाई सहयोग कार्यक्रम (Doti Earthquake Response Program)

**कार्यक्रमको उद्देश्यः** डोटी जिल्लामा भुकुम्पबाट प्रभावित समुदायको लागि राहत तथा पुर्नलाभ कार्यक्रमको सहयोगबाट उनिहरुको दिगो, सुरक्षित र मर्यादित जीवनको स्थापनां गर्ने ।

**कार्यक्षेत्र** : आदर्श गाउँपालिका, सायल गाउँपालिका, पूर्विचौकि गाउँपालिका र शिखर नगरपालिका

**मुख्य क्रियाकलापहरुः**

- भुकम्प प्रभावित परिवार लाई अस्थाई घर र शौचालय निमार्णमा सहयोग
- भुकम्प प्रभावित परिवारलाई सरसफाई सामाग्रि सहयोग
- अपांगता भएका व्यक्तिहरुलाई सहायता समाग्रि सहयोग



- भुकम्प प्रभावित परिवारलाई न्यानो कपडाहरु वितरण






**६. भुकम्प प्रभावितलाई न्यानो कपडा सहयोग कार्यक्रम (BASIC RELIEF ITEMS SUPPORT TO EARTH BASIC RELIEF ITEMS SUPPORT TO EARTHQUAKE AFFECTED FAMILIES OF DOTI, ACHHAM, BAJHANG AND BAJURA DISTRICTS OF NEPAL )**

**कार्यक्रमको लक्ष्य** : डोटी, अछाम, बाजुरा र बझाङ्ग जिल्लाका भुकम्प प्रभावित घर परिवरलाई चिसो बाट सुरक्षित खाध्न विभिन्न आवश्यक सामाग्रिहरु सहयोग गर्ने र प्रभावित परिवारलाई मनोसामाजिक परामर्श प्रदान गर्ने ।

**कार्यक्रमको उद्देश्य :**

- भुकम्प प्रभावित परिवारहरु चिसो बाट सुरक्षित रहने छन्
- भुकम्प प्रभावित व्यक्तिहरु मनोसामाजिक परामर्श प्रदान गरि तनाब हटाउन सहयोग गर्ने

**कार्यक्षेत्र** : डोटी, अछाम, बाजुरा र बझाङ्ग

**मुख्य क्रियाकलापहरुः**

- स्थानिय सरकारका प्रतिनिधिहरुसंग कार्यक्रमका बारेमा छलफल र लाभान्भित वर्ग छनौट
- बालबालिकाहरुलाई मनोसामाजिक परामर्श तालिम तथा अभिमुखिकरण
- ३०० जना भुकम्प प्रभावित परिवारलाई न्यानोकपडाहरु वितरण

- प्रभावित घरहरुलाई अस्थाई घर बनाउनका लागि सहयोग









**६. कोभिड १९ माहामारीबाट नेपालको शिक्षा क्षेत्रमा परेको असरको प्रतिकार्यको लागि सहयोग कार्यक्रम**(Supporting the Response to the COVID-19 Crisis in the Education Sector)

**कार्यक्रमको लक्ष्य :** नेपालको शिक्षा क्षेत्रमा कोभिड १९ प्रतिकार्य, शीघ्र पुनर्लाभ र विद्यालय पुनःसंचालनको आधारभूत तह तथा माध्यमिक शिक्षामा अध्ययरत बालबालिकाहरुको शैक्षिक उपलब्धिमा असमानता घटाउने ।

**कार्यक्रमका निर्दिष्ट उद्धेश्य (परिणाम):**

- विद्यालयमा सिकाइ निरन्तरता सुनिश्चितताका लागि विद्यालयमा विपद पूर्वतयारी, प्रतिकार्य तथा उत्थानशीलताका लागि सहयोग गर्न संघ, प्रादेशिक तथा स्थानीय तहमा नेपाल शिक्षा क्लस्टर को समन्वय तथा प्रतिकार्य संयन्त्रलाई सुदृढ गर्ने ।
- कोभिड १९ माहामारी समयको शिक्षा क्षेत्रको प्रतिकार्य र शीघ्र पुनर्लाभ कार्यलाई प्रभावकारी बनाउन स्थानीय सरकारको व्यवस्थापन र समन्वयको संयन्त्र सुदृढीकरण गर्ने ।

- विपद पछिको पुनर्लाभ सहजीकरणका लागि विद्यालय जाने विशेषगरी जोखिममा रहेका प्रारम्भिक कक्षा (१ देखि ३) बालबालिकाका सिकाइ सुधारको लागि छिटो सिक्ने सुधारिएको र लक्षित विधिहरु अवलम्वन गर्न सहयोग गर्ने ।

**मुख्य क्रियाकलापहरुः**

- **सामाजिक मन्त्रालय संग समन्वय बैठकः** कोभिड १९ माहामारीबाट नेपालको शिक्षा क्षेत्रमा परेको असरको प्रतिकार्यको लागि सहयोग कार्यक्रम संचालनका लागि सामाजिक विकास मन्त्रालयमा अनौपचारिक समन्वयात्मक बैठक सम्पन्न भएको छ । उक्त बैठकमा प्रदेश सचिव श्री दिपक लामिछाने, श्री इन्द्र पन्त कार्यक्रम अधिकृत युनिसेफ, श्री श्याम प्रसाद ओझा टिम लिडर मर्सिकोर, लगायत सामुदायिक विकास केन्द्रका प्रतिनिधिहरुको उपसिथिती रहेको थियो ।

- **प्रदेश स्तरीय परिचयात्मक वैठकः** कोभिड १९ माहामारीबाट नेपालको शिक्षा क्षेत्रमा परेको असरको प्रतिकार्यको लागि सहयोग कार्यक्रमको प्रदेश स्तरीय परिचयात्मक वैठक सम्पन्न भएको छ । उक्त वैठकमा प्रदेश सचिव श्री दिपक लामिछाने, शैक्षिक योजना तथा अनुसन्धान महाशाखाका प्रमुख, महिला बालबालिका महाशाखाका प्रतिनिधि लगायत जम्मा ११ जनाको उपस्थिति रहेको थियो जसमध्ये ९ जना पुरुष र २ जना महिलाहरुको सहभागिता रहेका थियो ।



- **प्रदेश स्तरीय नेपाल शिक्षा समूहको वैठकः** कोभिड १९ माहामारीबाट नेपालको शिक्षा क्षेत्रमा परेको असरको प्रतिकार्यको लागि सहयोग कार्यक्रमक अन्तरगत सुदुरपश्चिम प्रदेश स्तरीय नेपाल शिक्षा समूहको वैठक सम्पन्न भएको छ । उक्त वैठकमा सुदुरपश्चिम प्रदेश स्तरीय नेपाल शिक्षा समुहका संयोजक एवं सामाजिक विकास मन्त्रालय शैक्षिक योजना तथा अनुसन्धान महाशाखाका प्रमुख श्री गगनदेव भट्टको संयोजकत्वमा आयोजना गरिएको थियो ।



प्रदेश स्तरीय नेपाल शिक्षा समूहको वैठक

- **पालिका स्तरीय परिचयात्मक वैठक :** कोभिड १९ माहामारीबाट नेपालको शिक्षा क्षेत्रमा परेको असरको प्रतिकार्यको लागि सहयोग कार्यक्रमको पालिका स्तरीय परिचयात्मक वैठक कार्यक्षेत्रका १२ वटा स्थानीय सम्पन्न भएको छ । उक्त वैठकमा स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख, महिला बालबालिका शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुख गरी १२ वटै स्थानीयका जम्मा ८९ जनाको उपस्थिति रहेको थियो जसमध्ये ६८ जना पुरुष र २१ जना महिलाहरुको सहभागिता रहेका थियो ।



पालिका स्तरीय परिचयात्मक वैठक नौगाड गाउँपालिका

- **नेपाल शिक्षा समुह संचालन निर्देशिका सम्बन्धि परामर्श बैठकः** कोभिड १९ माहामारीबाट नेपालको शिक्षा क्षेत्रमा परेको असरको प्रतिकार्यको लागि सहयोग, नेपाल शिक्षा समुह सुदृढीकरण कार्यक्रम अन्तरगत संघ, प्रदेश र स्थानीय तहको शिक्षा समुह संचालन लागि तयार गरिएको खेस्रा निर्देशिकामा परामर्श बैठक सम्पन्न भएको छ ।

- **अन्तर क्लस्टर समन्वय बैठकः** सामाजिक विकास मन्त्रालय संयोजक रहेको नेपाल शिक्षा समुह र संरक्षण समुहको समन्वय बैठक सम्पन्न भएको छ । वर्तमान अवस्थको वरेमा जानकारी आदान प्रदान, आगामी योजनाको बारेमा जानकारी तथा समन्वय गर्न सकिने क्षेत्रहरु पहिचान गर्ने यस बैठकको प्रमुख उद्देश्य रहेको थियो ।

**मुख्य उपलब्धिहरुः**

- प्रदेश स्तरीय एक र स्थानीय तह स्तरीय १२ स्थानमा कार्यक्रमको परिचयात्मक बैठक सम्पन्न भएको ।
- एक पटक प्रदेश स्तरीय नेपाल शिक्षा समुहको बैठक सम्पन्न भएको ।
- प्रदेश स्तरीय नेपाल शिक्षा समुह पुर्नगठन भएको ।
- प्रदेश स्तरीय शिक्षा क्षेत्रको मनशुन पुर्व तयारी तथा प्रतिकार्य योजनाको खाका तयार भएको ।
- नेपाल शिक्षा समुह संचालन खाका निर्देशिकामा परामर्श बैठक सम्पन्न भएको ।
- बालबालिकाहरुको सिकाइ निरन्तरता सम्बन्धी सन्देशमूलक सुचना प्रवाहका लागि स्थानीय एफ एम रेडियो नक्सांकन ।
- बालबालिकाहरुको सिकाइ निरन्तरता सम्बन्धी सन्देशमूलक सुचना विभिन्न चार भाषमा (थारु, राना, डोटेली र नेपाली ) तयारी ।

**मुख्य नतिजाः**

- कोभिड १९ माहामारीबाट नेपालको शिक्षा क्षेत्रमा परेको असरको प्रतिकार्यको लागि सहयोग कार्यक्रम सामाजिक विकास मन्त्रालयको सहकार्यमा सहज रुपमा संचालन भईरहेको ।

- प्रदेश स्तरीय नेपाल शिक्षा समूहको पुनर्गठन र समूहका सदस्यहरु सक्रिय रुपमा कार्य गरिरहेका छन ।
- शिक्षा क्षेत्रको विपद पूर्व तयारी तथा प्रतिकार्य योजनाका खाका तयारी आवस्यक सुझाव सल्लाका लागि प्रदेश स्तरीय नेपाल शिक्षा समूहका सदस्यहरुलाई पठाईएको ।
- स्थानीय तहका पदाधिकारीहरु यस परियोजना संगको सहकार्यमा स्थानीय तह र विद्यालय तहमा संचालन हुने कार्यक्रमरु निरन्तर सहकार्यमा संचालन गर्ने प्रतिवद्धता जाहेर गरेको ।

## ७. समुदाय सशक्तिकरण तथा विकासका लागि स्थानीय पहल परियोजना (Local Initiative for Community Empowerment and Development (LICED) Project)

**कार्यक्रमको आशातित उपलब्धिहरुः**

- नविनतम आम्दानीका लागि उत्पादन योग्य क्षेत्र तथा संरचनामा समुदायको पहुच बढेको हुनेछ ।
- समुदायले नविनतम अनुकुलनका प्रविधिहरुको प्रयोगमा बढेको हुनेछ ।
- सीमान्तकृत समुदायका परिवारहरुको दिगो खाद्य सुरुक्षामा पहुच बढेको हुनेछ ।

**कार्यक्षेत्र :** आदर्श गाउँपालिका

**मुख्य क्रियाकलापहरुः**



- पालिका स्तरीय सेवाप्रदायहरुको सहभागितामा बैठक आयोजना गरि परियोजनाको बारेमा जानकारी गराउने
- समुदायका २० ब्यक्तिहरुलाई मौसमी र बेमौसमी तरकारी खेती लगाउने सीप सम्बन्धि तालिम संचालन गर्ने
- समुह गठन र रुपान्तरण शिक्षाकार्यक्रम संचालन
- परियोजनाकार्य क्षेत्रमा नागरिकता र अपागंता परिचय पत्रपाउन नसक्ने ब्यक्तिहरुका लागि सहज रुपमा परिचय पत्र तथा नागरिकता पाउनका लागि शिबिरको आयोजना गर्ने
- जलबायपरिवर्तन र बिपद जोखिम न्युनिकरणमा समुदायको पूर्वतयारी गरि समुदायको उत्थानशिलता बढाउने
- स्थानिय स्तरमा उत्पदान वस्तुहरुको बजार सम्मको पहुच सम्बन्धि अध्ययन विश्लेषण

## स्थानिय सरकार संगको साझेदारिमा गरिएको राम्रा अभ्यासहरु (GOOD PRACTICES- WORKING WITH LOCAL GOVERNMENT) :

- स्थानिय स्तरमा संचालित कार्यक्रमहरुको दिगोपनाका लागि स्थानिय सरकारबाट बजेट विनियोजन गरि कार्यक्रम निरन्तरता
- स्थानिय सरकारको अगुवाईमा विभिन्न निति निमार्ण र कार्यान्वयनमा सहकार्य
- संस्थाद्वारा संचालित विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुको अनुगमन तथा कार्यान्वयन निकायलाई सल्लाह सुझाबहरु दिने अभ्यास
- स्थानिय स्तरमा विभिन्न अभियान बाल विबाह न्यूनिकरण, पढाई शिविर,  कथा वाचन अभियान र कृतिम घटना अभ्यास जस्था अभियानका हातेमालो
-

## सफलताको कथा (CASE STORIES) :

### **बालबालिका रमाउदै सिक्दै**

दिपायय सिलगढी नगरपालिका वडा ८ लडागडा को मेल्तोलि मा चौड्लेश्वर आधारभुत विद्यालय रहेको छ । वालविकास देखि कक्षा ३ सम्म पढाई हुने यस विद्यालयमा ९० जना विद्यार्थी रहेका छन् । साँउद र दलित समुदाय बालबालिका अध्ययन गर्ने यस विद्यालयमा आर्थिक अभाव मा संचालन भईरहेको थिया विद्यालयमा प्रयाप्त मात्रामा भवन पनि थिएन कक्षा अभावमा बालविकास र कक्षा १ सँगै राखेर पढाई रहनु परेको थियो सन् २०१७ मा सामुदाय विकास केन्द्र डोटी विद्यालयमा बालविकास भवन निमार्ण गरे पछि बालविकास कक्षा संचालन गर्ने सहज भएको छ । बालविकास मा कक्षाका सँगै बालबालिकाका लागी खेल सामग्री पनि रहेका छन् यस गर्दा बालबालिका लाई  सिकाउन पनि सहज भएको वाल विकास शिक्षक वर्षा खड्का जानकारी दिनु हुन्छ ।





विद्यालयमा बालविकास निमार्ण भए पछि कक्षामा विद्याथी उपस्थिति पनि बृद्धि भएका छ । संस्थाले संचाालन गरेको राम्रो पढाई, राम्रो सिकाई परियोजना अर्न्तगत कक्षामा बुक ऱ्याक सहित कथा , कविताका किताब प्रदान गरे पछि विद्यालय मा शिक्षक तथा विद्याथीहरुको सहभागीतामा कक्षाकोठा छापा मय बनाउने योजना अनुरुप विद्यालय ले कक्षा १ देखि ३ सम्म पढाई सम्बन्धि सामग्री निमार्ण गरि कक्षाकोठा छापामय बनाएको छ यस गर्दा विद्यार्थी कक्षा उपस्थितिमा बृद्धि भएको , पढाई सिपमा विकास भएको ,विधालयका प्र.अ चक्र साँउद बताउनु हुन्छ ।

## समावेशी तथा गुणस्तरिय शिक्षा कार्यक्रमले हंसाको शिक्षामा पुऱ्याएको सहयोग



मेरो नाम हंसा खड्का हो । म ९ बर्षको भएँ । म कक्षा ३ मा पढ्छु । मेरो विद्यालयको नाम भैरव माद्यमिक विद्यालय हो । म आदर्श गाउँ पालिका वडा नं.१, बाभ्रँककानीमा आमा, बुवा र कान्छी बहिनीसंग बस्छु । मेरो बुवा छिमेकी देश भारतमा दिन मजदुरीको रुपमा काम गर्नु हुन्छ र आमा घर गृहिणीका साथै खेतिपाती गर्नु हुन्छ । मेरो परिवारको आर्थिक अवस्था राम्रो छैन । मेरो परिवारको मुख्य स्रोत खेतिपाती हो । धान, कोदो र गहूँ खेतिपातीका मुख्य बाली हुन् ।

समावेशी तथा गुणस्तरिय शिक्षा कार्यक्रम अघी मेरो पढ्ने बानीको विकास भएको थिएन । शनिवारको दिन मेरो धेरै समय घरमा साथिहरुसंग खेल खेलेर बित्थ्यो । म पढ्न र लेख्नमा राम्रो थिएन । म कहिले काहीँ मात्र विद्यालयमा जान्थे र घरमा पढ्दैनथे । म वर्णमालाका अक्षरहरु चिन्न र वाक्य बनाउन सक्दैनथे । म संग घरमा पढ्नका लागी सन्दर्भ सामाग्रीहरु थिएनन् । म संग पढ्नका लागि विद्यालयका पाठ्यक्रमका किताकहरु मात्र थिए । मेरी आमा समुदायमा गठित कुनै पनी समूहमा संलग्न हुनुहुन्थ्यो । विद्यालयमा पनि बालमैत्री कक्षाकोठाहरु, बसाइ व्यवस्थापन, शैक्षिक सामाग्री, शौचालय र खानेपानीका धाराहरु थिएनन् ।

समावेशी तथा गुणस्तरिय शिक्षा कार्यक्रम पछि सामुदायिक विकास केन्द्र डोटी र वर्ल्ड भिजन इन्टरनेसनल नेपालको सयुत्त साझेदारीमा मेरो समुदायमा सालगाउँ पढाइ शिविरको स्थापना भयो । म कक्षा १ मा हुँदा सालगाउँ पढाइ शिविरमा भर्ना भए । पढाइ शिविरमा मैले धेरै कथाका कितावहरु पढ्ने मौका पाएँ । मैले पढाइ शिविरमा बालमैत्री, सुरक्षित र रमाईलो पढ्ने वातावरण पाएँ । म विभिन्न

प्रकारका पढ्ने लेख्ने गतिविधिहरुमा भाग लिन्छु । म पढाइ शिविरमा निर्माण गरिएका विभिन्न शैक्षिक सामाग्रीको प्रयोग गर्छु । म पढाइ शिविरमा स्वतन्त्र खेल, बालगित, पढ्ने लेख्ने क्रियापलाप, बनाउ र लैजाउ, दैनिकी टिपोटमा सक्रिय रुपमा सहभागी हुन्छु । मैले पढाइ शिविरमा विभिन्न शिक्षण सिकाई सामाग्रीहरु अवलोकन गरेर धेरै कुराहरु सिके । मेरो विद्यालयमा सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय र खानेपानीका धाराहरु निर्माण भएँ । कक्षाकोठाहरु छापामय भएका छन् । कक्षाकोठामा पर्याप्त सन्दर्भ समाग्रीहरु उपलब्ध छन् ।



म अहिले सफा भएर नियमित पढाइ शिविरमा सहभागी भईरहेकी छु । मलाई फरक फरक कथाहरु पढ्न र सुन्न मन पर्छ । पढाइ शिविर सहजकर्ताले हरेक शनिवार अभिनयका साथ कथा सुनाउनु हुन्छ । म पढाइ शिविरबाट विभिन्न कथाका पुस्तकहरु घरमा लैजान्छु। म पढाइ शिविरबाट सिकेका कुरा घरमा आमालाई सुनाउछु। मेरी आमाले पनि मलाई घरमा सिकाउनुका साथै र गृहकार्य गर्न सहयोग गर्नुहुन्छ । म घरमा मेरी कान्छी बहिनिलाई अक्षर सिकाउन सहयोय गर्छु । म पढाइ शिविरमा निर्माण गरेको बनाउ र लैजाउ सामाग्री घरमा लगेर पढाइ कुना निर्माण गरेकी छु। अहिले मेरो पठन गतिमा पनि सुधार भएको छ। म अहिले ६० सेकेन्डमा ५० भन्दा बढी शब्दहरु उच्चारण गर्न सक्छु। मेरो पढ्ने बानिको विकास भएको छ। म कक्षा २ मा छदा कक्षामा दोस्रो स्थानमा थिएँ र अहिले कक्षा ३ मा प्रथम स्थानमा भएँ। मेरी आमा मेरो प्रगती देखेर गर्व गर्नु हुन्छ। मेरी आमा पनि अहिले नागरिक आवाज तथा कर्तव्य समूहमा संलग्न हुनुको साथै अभिभावक सचेतना गोष्ठिमा सहभागी हुनुहुन्छ। मेरी आमाले सामुदायिक विकास केन्द्र डोटीले आयोजना गरेको ३ दिने नागरिक आवाज तथा कर्तव्य समूहको क्षमता विकास तालिममा सहभागी हुनु भएको छ ।




# अस्थाई घरले सहज बनेको बसाई



डोटी जिल्लाको सायल गाँउपालिका वार्ड नं. ५ दैना गाँउमा वस्ने लालि देबि रोकायाको उमेर ५५ भयो र उहाँ समुदायको अरु महिला जस्तै खेति, गाई गोरु, बाखा पालेकी छन । उहाको श्रीमान काम खोजिमा भारत जानुभयको छ । उनका दुई छोरा र एक छोरी छिन । जेठो छोरा पढाई छोडेर गाडिमा हेल्परको काम गरि रहेका छन भने कान्छो छोरा भरकर SEE दिएका छन । छोरी ६ कक्षामा पढाई छोडी घरायसि काममा आमा लाई सहयोग गरि रहेकी छिन । उनिहरुको जिबन समान्य रुपमा सधै झै चलिरहको थियो । २०७९ कार्त्तिक २२ गते राति २ बजेर ७ मिनेमा खप्तड केन्द्ध बिन्दु बनायर गयको ६.७ म्यागनेचियुटको भुकम्पले जिबनमा परिर्बतन ल्याई दियो । त्यस राति तिनिहरु सधैझै रातको खाना खायर सुतेका थिए घर निकरी हल्लाई दिय पछि सुरुमा त केभयो पत्तानै भयन पछि छिमेकिले भुकम्प गयो भनेर आ आपनो घर बाहिर निस्केर कराउन थाले हामि पनि घर बाट बाहिर निस्केर आयौ । पछि छिमेकिहरु जम्मा भयर घरायसी सामानहरु आधा जति निकालि दिय कतिले गोठमा गयर गाई, बाखा निकालिदिय । त्यस पछि अर्काको घरको गोठमा हाम्रो बास भयको र जाडोले रात कटाउन असहज भयको थियो । गाउपालिका बाट पनि ५० केजि चामलको सहयोग भयको थियो ।

सायल गाँउपालिमा सन २०२३ जनबरी १ बाट लुथरन को आर्थिक सहयोग सामुदायिक बिकास केन्द्र द्धारा संचालित भुकम्प प्रभावित समुदायका लागि राहत कार्यक्रमबाट उपलब्ध भयको कम्बल,त्रिपाल,सल,टोपि,कारपेट का साथै अस्थाई टहरा निमार्ण पछि हामि आप्नो अस्थाई घरमा सरेका छौ । आजभालि राति राम्रो संग निन्द्रा लाग्छ । आजभोलि भुकम्पको डर कम लाग्न थालेको छ । अस्थाई टहराले आफुहरुलाई सुरक्षित राखेको छ भनेर बताउछिन ।

## कार्यक्रमगत लाभान्भित वर्गको विवरण (BENEFICARIES DETAIL):



## आर्थिक विवरण (FINANCIAL STATUS):

## हाम्रा दातृ निकायहरु (OUR FUNDING PARTNERS) :